लुम्बिनी प्रदेश सरकार

# उद्योग, पर्यटन तथा यातायात मन्त्रालय

राप्ती उपत्यका (देउखुरी), नेपाल

प.सं. २०८१/८२

च.नं.

मिति:- २०८१/१२/०७

**अभौतिक सम्पदाको अभिलेखिकरण अन्तर्क्रिया कार्यक्रममा सहभागिता सम्बन्धमा।**

प्रस्तुत विषयमा यस मन्त्रालयको आ.व. २०८१/०८२ को वार्षिक बजेट तथा कार्यक्रम बमोजिम लुम्बिनी प्रदेशभित्रका चाडपर्व, मेला, जात्रा लगायतका अभौतिक सम्पदाहरुको अभिलेख गर्ने कार्यक्रम रहेको छ। उक्त कार्यक्रम शुरु गर्न विज्ञहरुको सहभागितामा अन्तर्क्रिया गरी मापदण्ड निर्धारण तथा अभिमुखिकरण गर्नुपर्ने भएकोले यस मन्त्रालयबाट पहिचान भएका लेखकहरुलाई पत्राचार गरिसकिएको व्यहोरा अनुरोध गरिन्छ। पत्राचारमा छुट हुनु भएका तथा तपसिलको विषय क्षेत्रमा लेखन सम्बन्धी योग्यता र अनुभव भएका व्यक्तिहरुलाई अभौतिक सम्पदाको अभिलेखिकरणका लागि सहभागी हुन ईच्छुक भएमा मिति २०८१/१२/१४ गते भित्र सम्पर्क राख्नुहुन अनुरोध गरिन्छ।

<u>लेखनका लागि विषयक्षेत्रहरु:-</u>

(१) अभौतिक साँस्कृतिक सम्पदाको संवाहकको रुपमा भाषा सहितका मौखिक परम्परा तथा अभिव्यक्ति विषयमा विज्ञता भएको व्यक्ति,

(२) अभिनय कला विषयमा विज्ञता भएको व्यक्ति,

(३) सामाजिक व्यवहार, अनुष्ठान तथा चाडपर्वका उत्सव विषयमा विज्ञता भएको व्यक्ति,

(४) प्रकृति र ब्रम्हाण्डसँग सम्बन्धित ज्ञान तथा व्यवहार विषयमा विज्ञता भएको व्यक्ति,

(५) परम्परागत कला कौशलता विषयमा विज्ञता भएको व्यक्ति,

(६) परम्परागत खाद्य परिकार विषयमा विज्ञता भएको व्यक्ति,

(७) परम्परागत खेलकुद विषयमा विज्ञता भएको व्यक्ति,

<u>तपसिल:</u>

मिति: २०८१/१२/१५ गते शुक्रबार।

समय: विहान ९.३० बजे।

स्थान: होटल न्यू ईरा, बुटवल बसपार्क, कालिकापथ, बुटवल।

सम्पर्कको लागि: गणेश घिमिरे, बरिष्ठ शाखा अधिकृत (९८५७०५७७५५),
कृष्णचन्द्र गिरी (९८४१११५१४८)

८१/१२/०८

(रमेश गौतम)
उप-सचिव